# कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३

पृष्ठभूमि

रेबिज रोग मानव, पशु तथा अन्य स्तनधारी जनावरमा लाग्ने अति खतरनाक प्राणघातक जुनोटिक रोग हो । पशु तथा मानव स्वास्थ्यको दृष्टिकोणले ठूलो समस्याको रुपमा विद्यमान रेबिज रोगका कारण पशु पालक कृषकहरुले वर्षेनी ठूलो आर्थिक क्षती व्यहोर्दै आएका छन् । अतः कुकुरको बन्धाकरण र रेबिज खोपको माध्यमबाट रेबिज रोग तथा कुकुरको संख्या नियन्त्रण गरी जनस्वास्थ्य एवं पशुधन संरक्षणमा टेवा पुऱ्याउने उद्देश्य अनुरुप रेबिज रोगको जोखिमलाई न्यूनीकरण गर्न सकियोस भन्ने उद्धेश्यका साथ नेपाल सरकारको नीति तथा कार्यक्रम सहज, सरल, प्रभावकारी, पारदर्शीरुपमा संचालन गर्न कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ नेपाल सरकार पशुपन्छी विकास मन्त्रालयबाट जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ रहेको छ ।

(ख) यो कार्यविधि कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम सम्पादन गर्ने प्रयोजनको लागि मन्त्रालयबाट स्वीकृति भए पश्चात लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. "मन्त्रालय" भन्नाले पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्नेछ।

२. "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्नेछ।

३. "निर्देशनालय" भन्नाले पशु स्वास्थ्य निर्देशनालय सम्झनु पर्नेछ।

४. "कार्यालय" भन्नाले जिल्ला पशु सेवा कार्यालय सम्झनु पर्नेछ।

५. "कार्यविधि" भन्नाले "कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ " सम्झनु पर्नेछ।

३. उद्देश्यः यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) नेपाल सरकारको नीति तथा कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन गर्ने ।

ख) कुकुर बन्ध्याकरण तथा रेबिज़ विरुद्ध खोप केन्द्रीय पशु चिकित्सालय/सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले स्थानीय निकाय र अन्य संघ संस्थाहरुसंग सहकार्यमा संचालन गर्ने ।

ग) कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण गर्न जनचेतनामूलक सामग्री तयारी गरी सुरुचित गर्ने ।

घ) संक्रमित जनावरको टोकाईका कारण रेबिज़ रोगको उच्च जोखिममा रहेका पशु तथा मानिसमा जोखिम न्यूनिकरण गर्न सहयोग पुर्याउने ।

परिच्छेद २

४. कार्यक्रम संचालन प्रकृयाः

४.१ कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम तोकिएको स्थानमा कुकुरको संख्या निर्धारण गरी केन्द्रीय पशु चिकित्सालय र सम्वन्धित जिल्ला पशु सेवा कार्यालयले पशु कल्याणमा संलग्न संघ/संस्था/स्थानीय निकाय र भेटेरीनरी क्लिनिकसँग सहकार्यमा संचालन गरिने छ । सार्वजनिक खरीद ऐन तथा नियमावली बमोजिम कार्यक्रम संचालन गर्ने संस्थाको छनौट गरिने छ । सार्वजनिक खरीद ऐन तथा नियमावली बमोजिम कार्यक्रम संचालन गर्ने संस्थाको छनौट गरिने छ ।

४.२ यस कार्यक्रममा सामुदायिक पोथी कुकुरहरुको मात्र बन्ध्याकरण गरिने छ ।

४.३ रेविज खोप यथासंभव स्वदेशी प्रयोग गर्नुपर्नेछ ।

४.४ केन्द्रिय पशु चिकित्सालय /सम्वन्धित जिल्ला पशु सेवा कार्यालयले तोकेको कर्मचारीको प्रत्यक्ष सुपरिवेक्षणमा कुकुर बन्ध्याकरण तथा रेबिज भ्याक्सीनेसन कार्यक्रम संचालन गर्नुपर्नेछ ।

४.५ रेविज भ्याक्सिनेसन तथा बन्ध्याकरण कार्यक्रम तोकिएको समयभित्र सम्पन्न गर्नु पर्नेछ ।

४.६ रोग सम्वन्धमा जनचेतना अभिवृद्धि गर्ने सूचनामूलक सामग्री तयार तथा वितरण गर्नुपर्नेछ ।

४.७ सम्पन्न कार्यको प्रगति विवरण नियमित रुपमा केन्द्रिय पशु चिकित्सालय /सम्वन्धित जिल्ला पशु सेवा कार्यालयल/ क्षेत्रीय पशु सेवा निर्देशनालय अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

४.८ संघ /संस्थाहरुको मुल्याङ्कन गर्ने आधार निम्न अनुसार हुनेछ ।

१. संघ /संस्थाहरुको दर्ता र नविकरण(३० अंक)

२. संस्थाले हालसम्म पोथी कुकुर बन्ध्याकरण गरेको संख्या (४० अंक)

३. संघ संस्थामा उपलब्ध दर्तावाल पशु चिकित्सकको विवरण (३० अंक)

३.१ पशु चिकित्सकको संख्या (१५ अंक)

३.२ पशु चिकित्सकको सम्वन्धित क्षेत्रमा अनुभव (१५ अंक)

जम्मा अंक १००

४.९ आवेदक संघ/संस्थाहरुको छनौटको लागी प्राविधिक मुल्याङ्कन समितिको गठन निम्न अनुसार हुनेछ ।

१. केन्द्रिय पशु चिकित्सालय/जिल्ला पशु सेवा कार्यालय, प्रमुख —संयोजक

२. पशु स्वास्थ्य निर्देशनालय/क्षेत्रिय पशु सेवा निर्देशनालयको अधिकृत प्रतिनिधी — सदस्य

३. केन्द्रीय पशु चिकित्सालय/जिल्ला पशु सेवा कार्यालयको अधिकृत — सदस्य सचिव

परिच्छेद ३

५. कार्यक्रम अनुगमन तथा मुल्यांकनः

५.१ यस कार्यक्रमको अनुगमन र मूल्यांकन जिल्ला पशु सेवा कार्यालय, क्षेत्रीय पशु सेवा निर्देशनालय, केन्द्रिय पशु चिकित्सालय, पशु स्वास्थ्य निर्देशनालय, पशु सेवा विभाग र पशुपन्छी विकास मन्त्रालयबाट हुनेछ ।

परिच्छेद ४

६. आर्थिक कार्यविधिः

६.१ सहकार्यमा छनौट भएका पशु कल्याणमा संलग्न संघ/संस्था, स्थानीय निकाय र भेटेरीनरी क्लिनिकलाई केन्द्रीय पशु चिकित्सालय/जिल्ला पशु सेवा कार्यालयलबाट प्रति कुकुर रु २०००/- का दरले बजेट उपलब्ध गराईने छ । सो रकमबाट कुकुर बन्ध्याकरणका लागि आवश्यक पर्ने औषधी, सर्जिकल सेवा, रेबिज खोप, कुकुरलाई आवश्यक आहारा तथा अन्य व्यवस्थापन सम्वन्धित संघ वा संस्थाले गर्नुपर्नेछ ।प्रति कुकुर बन्ध्याकरण गर्दा माथि उल्लेखित रु २००० मा थप आवश्यक पर्ने रकम साँझेदारले व्यहोर्नु पर्नेछ ।

६.२ कार्यक्रम सम्पन्न भैसकेपछि सो को प्रगति विवरण र बन्ध्याकरण गर्दाको तस्विरहरु लगायत सम्वन्धित सुपरिवेक्षकको प्रतिवेदन समेत केन्द्रीय पशु चिकित्सालय/जिल्ला पशु सेवा कार्यालयलमा उपलब्ध गराए पश्चात मात्र भुक्तानी दिइनेछ ।

६.३ यस कार्यका लागि तपशील बमोजिमका कृयाकलापहरुमा निम्नानुसार रकम खर्च गर्न सकिने छ ।

| क्र.सं. | कृयाकलापहरु | लक्ष्य | लागत | जम्मा बजेट रु. |
|---|---|---|---|---|
| १. | कार्य संचालन गर्नको लागी प्रचार प्रसार, सुचना प्रेषण तुल, ब्यानर | ३ पटक | २५००० | ७५,००० |
| २. | कार्यालय समान तथा अन्य लजिस्टिक | १ पटक | १०००० | १०,००० |
| ३. | चिया पान | ३ पटक | ५००० | १५,००० |
| ४. | पोथी कुकुरलाई बन्याकरण तथा रेबिज़ खोप | ४५० संख्या | २००० | ९,००,००० |
| | जम्मा | | | १०,००,००० |

क) जुन खर्च शिर्षकमा रकम उपलब्ध भएको छ सोही शिर्षकमा मात्र खर्च गर्नु पर्नेछ ।

ख) कार्यक्रम संचालन गर्दा प्रयोगमा आउने सबै बिल भरपाईहरुमा प्रचलित आर्थिक ऐन तथा नियमावली बमोजिम सिलसिलेबार नम्बर राखी प्रमाणित भएको हुनु पर्नेछ ।

परिच्छेद ५

७. आर्थिक प्रशासन सेवाः

कार्यक्रमको लेखा,लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन ,लेखाकंन , २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४सार्वजनिक खरिद ऐन ,, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

८. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः

यस कार्यक्रमको अनुगमन मन्त्रालय, विभाग, निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र कार्यालयहरुले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालयहरुमा पठाउनु पर्ने छ । मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु विभाग मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

९. थपघट वा हेरफेर गर्न सक्ने

१. यो कार्यविधिको कार्यान्विनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वियनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।